# फेदीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या: २०८३/०८४
सूचना नं.१३

**चार पाङ्ग्रे सवारी साधन भाडामा लिने सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति: २०८३/०५/०४)**

फेदीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको लागि चालु आ.व. २०८३/०८४ मा कार्यालय प्रयोजनको लागि तोकिएको शर्तहरुको अधिनमा रही एक थान चार पाङ्ग्रे सवारी साधन भाडामा लिनुपर्ने भएकोले सूचना प्रकाशन भएको मितिले १५ औँ दिन अर्थात् मिति २०८३/०५/१८ गते कार्यालय समय भित्र इच्छुक तथा योग्य व्यक्ति, फर्म वा कम्पनीबाट प्रचलित कानून बमोजिम देहायका कागजात सहित रितपूर्वक सिलबन्दी दरभाउपत्र आव्हानका लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना सम्बन्धी विस्तृत जानकारी यस कार्यालयको वेवसाइट www.phedikholamun.gov.np मा उपलब्ध रहेको छ । साथै यस सिलबन्दी दरभाउ आव्हान सम्बन्धी कुनै असहजता/समस्या उत्पन्न भएमा कार्यालयको इमेलः phedikhola174@gmail.com मा पत्राचार गर्न अथवा मोबाइल नं. ९८५६०६६६०३ मा सम्पर्क गरी आवश्यक सहजीकरण प्राप्त गर्न सकिनेछ ।

**देहायः**

**दरभाउपत्र साथ व्यक्ति तथा फर्मले पेश गर्नुपर्ने कागजातहरु:**

**१. व्यक्तिको हकमा देहायका कागजत संलग्न राखी दरभाउपत्र पेश गर्नुपर्नेछ :**

क) यस कार्यालयबाट जारी भएको दरभाउपत्र भरी सक्कल फाराम पेश गर्ने (सवारीधनी वा निजले तोकेको प्रतिनिधीले आवश्यक विवरण भरी सहिछाप गरी बुझाउनुपर्ने)

ख) सवारीधनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी- थान १

ग) सवारी चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी- थान १

घ) सवारी चालकको सवारी चालक अनुमतिपत्रको प्रतिलिपी (नविकरण भएको)- थान १

ङ) सवारीसाधनको ब्लुबुकको प्रतिलिपी (सवारी साधनको नं., सवारीधनीको नाम, सवारीको किसिम, सवारीको विवरण र सवारीको नविकरण समेत)- थान १

च) सवारीसाधनको तेश्रो पक्ष बिमाको कागजातको प्रतिलिपी- थान १

छ) स्थायी लेखा नम्बर (PAN)

**२. कम्पनी वा फर्मको हकमा माथि उल्लिखित कागजात सहित देहायका थप कागजात पेश गर्नुपर्नेछ:**

क) कम्पनी वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी

ख) आ.व. २०८१/८२ सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपी

ग) मु.अ.क. वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी

२०८३/०५/०४

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत